# सतबाँझ बजार क्षेत्रमा कोभिड-१९ को संक्रमणबाट बच्न आम नागरिकले अपनाएको सुरक्षा सम्बन्धी अनुगमन प्रतिवेदन

१.पृष्ठभूमीः

कोभिड-१९ महामारीको उच्च संक्रमण दर न्युनिकरणका लागि बैतडी जिल्ला प्रशासन कार्यालयले बिभिन्न रणनीति र उपायहरु अपनाउँदै आएको छ । समयानुकुल जनचेतना प्रदान, पालो मिलाएर सेवा प्रवाह, समय तोकी व्यवसाय सञ्चालन र आंशिक/पूर्ण लकडाउन गर्ने सम्मका उपायहरु अपानाउँदै आईएको छ । जसको प्रभावस्वरुप उच्च गतिमा फैलिरहेको कोरोना संक्रमणको दरलाई केही हद सम्म न्युनिकरण गर्न सकिएको छ । हाल आएर लकडाउनलाई केही खुकुलो बनाईएको बेला सार्वजनिक स्थलमा कोभिड-१९ को संक्रमणबाट बच्न आम नागरिकले अपनाएको सुरक्षा सम्बन्धीको वस्तुस्थिति बुझ्नु अपरिहार्य भएकोले सतबाँझ बजार क्षेत्रको अनुगमन कार्य मिति २०७८/०४/१६ गते सम्पन्न भएको छ । अनुगमन कार्य जिल्ला प्रशासन कार्यालयको अगुवाईमा स्वास्थ्य कार्यालय र सुरक्षा निकायका प्रतिनिधिहरुसँगको सहकार्यमा भएको थियो । अनुगमनका क्रममा व्यापारी, सवारी चालक सहचालक, यात्रु तथा अन्य सर्वसाधारण व्यक्तिहरुको एन्टिजिन परिक्षण गर्ने कार्य पनि सञ्चालन गर्नुका साथै मास्क नलगाएका सर्वसाधारणलाई संक्रमणको जोखिमबारे जनचेतना प्रदान गर्दै मास्क वितरण कार्य पनि गरिएको थियो ।

२.अनुगमनको विवरणः

जिल्लाको सतबाँझ बजार क्षेत्रमा कोभिड-१९ को संक्रमणबाट बच्न आम नागरिकले अपनाएको सुरक्षा सम्बन्धी अनुगमनको विवरण देहाय बमोजिम रहेको छः-

- अनुगमनका क्रममा सतबाँझ बजार क्षेत्रमा सञ्चालित विभिन्न प्रकृतिका १९ जना व्यापार/पसल/होटल व्यवसायीलाई Random Sampling का रुपमा लिईएको थियो । जसमध्ये १० जना व्यवसायीहरुले न्युनतम् स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएको पाईयो भने ९ जना व्यवसायीले अपनाएको पाईएन । जसलाई तलको पाईचार्टमा देखाईएको छ ।




प्रसाशकीय अधिकृत

- न्युनतम् स्वास्थ्य मापदण्ड अपनाउने र नअपनाउने व्यवसायीको संख्या करिव बराबर पाईएकाले संक्रमणको जोखिम उच्च रहेको पाईयो । साथै अनुगमनका क्रममै न्युनतम् स्वास्थ्य मापदण्ड नअपनाउने व्यवसायीलाई जनचेतना प्रदान गर्दै सचेत पारिएको थियो ।

- जिल्ला प्रशासन कार्यालयबाट जारी आदेशमा व्यापार व्यवसायी/यातायात सञ्चालकले अनिवार्यरुपमा १५/१५ दिनमा Antigen/PCR परिक्षण गर्नुपर्ने आदेश बमोजिम धेरैले पालना नगरेको पाईयो । Antigen/PCR परिक्षण नगराएका व्यवसायी/यातायात सञ्चालक/यात्रु र केही सर्वसाधारणको Antigen परिक्षण गराउने कार्य अनुगमन टोलीमा खटिएका स्वास्थ्य कार्यालयका कर्मचारीबाट भयो ।

- २३१ जना व्यवसायी/यातायात सञ्चालक/यात्रु र केही सर्वसाधारणको Antigen परिक्षण गराउदा २३१ टेष्ट मध्ये १ जनाको रिपोर्ट पोजेटिभ आएको थियो । जसलाई तलको पाई चार्टमा देखाईएको छ ।




- अनुगमनको क्रममा मास्क नलगाएका सर्वसाधारणलाई कोभिड-१९ संक्रमण र यसको जोखिमबारे अवगत गराई निशुल्क मास्क वितरण गर्ने कार्य गरियो ।

३. निष्कर्षः

जिल्ला प्रशासन कार्यालयको अगुवाईमा पछिल्ला दिनहरुमा सम्बद्ध निकायहरुसँगको सहकार्यमा जिल्लाका सार्वजनिक स्थलहरुमा कोभिड-१९ को संक्रमणबाट बच्न आम नागरिकले अपनाएको सुरक्षा सम्बन्धीको वस्तुस्थिति बुझ्न अनुगमन कार्यलाई तिव्रता दिईएको छ । कोभिड-१९ महामारीको उच्च जोखिममा रहेका बर्गहरु जस्तै व्यापारी, सवारी चालक सहचालक, यात्रु र अन्य सर्वसाधारणको Antigen परिक्षण मार्फत समग्र जिल्लामा संक्रमणको अवस्था बुझ्ने अभिप्रायले

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कैलाली

प्रसाशकीय अधिकृत

सतबाँझ बजार क्षेत्रमा गरिएका २३१ नमुना परिक्षणमा १ जनाको पोजेटिभ र बाँकी २३० जनाको नेगेटिभ रिपोर्ट आएको थियो । उक्त पोजेटिभ आएका व्यक्ति निजि जिप बुकिङ्ग गरि यात्रा गरिरहेका भएपनि निज सार्वजनिक स्थलमा यात्रा गरिरहेकाले अन्य व्यक्तिलाई सार्ने सम्भावना धेरै नै छ । तसर्थ आम नागरिकलाई कोभिड-१९ को जोखिमबाट बचाउन सम्बद्ध निकायहरुसँगको सहकार्यमा जिल्लाका विभिन्न सार्वजनिक स्थलको समयसमयमा कोभिड-१९ परिक्षण सहितको अनुगमन कार्य गर्नसके अहिले तिव्र गतिमा फैलिरहेको संक्रमणलाई केही हद् सम्म न्युनिकरण गर्न सकिन्छ ।

२०७८।४।१६

प्रसाशकीय अधिकृत